का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ६३
❒ ३ बैशाख २०७७, बुधबार
❒ 15 April 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु भएको | उपचार |
|---|---|---|---|---|---|---|
| नेपालमा | १६ जना | १ जना | ६२९९ | ९९ | | |
| विश्वभर | १९ लाख ४० हजार | चार लाख ४९ हजार | | | एक लाख २० हजार | १३ लाख ५९ हजार |

# १५ वैशाखसम्म लकडाउन

**गएको चैत ११ गतेदेखि जारी देशब्यापी लकडाउन वैशाख १५ गतेसम्म कायम राख्ने सरकारले निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद बसेको लकडाउन लम्ब्याउने निर्णय गरेको हो।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ वैशाख

सरकारले आगामी वैशाख १५ गतेसम्म देशब्यापी लकडाउन कायमै राख्ने निर्णय गरेको छ। मंगलबार दिउँसो प्रधानमन्त्रीको सरकारी निवासमा बसेको मन्त्रिपरिषदको बैठकले लकडाउन अवधि थप गर्ने निर्णय गरेको हो। यसअघि थप गरिएको लकडाउनको अवधि बुधबार सकिदैछ। तर, एक दिन अगाडि नै सरकारले लकडाउनको अवधि थप गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री केपी शर्मा ओलीले दुई दिन अगाडि नै जनताको नाममा सम्बोधन गर्दै देशब्यापी लकडाउनको अवधि थप गर्ने संकेत दिएका थिए। प्रधानमन्त्री ओलीले अझै हप्ता दिन कडा लकडाउनमा बस्नुपर्ने बताएका थिए। यसको दुई दिन पछाडि बसेको मन्त्रिपरिषद बैठकले लकडाउनको अवधि थप गर्ने निर्णय गरेको छ।

एक मन्त्रीका अनुसार, हवाई तथा स्थलगत आवागमनको अवधि पनि थप गरिएको छ। आन्तरिक तथा बाह्य उडान वैशाख १८ गतेसम्म कायमै राख्ने निर्णय भएको छ। विश्वव्यापी महामारी रोकथाम गर्न सरकारले गएको चैत ११ गतेदेखि लकडाउन जारी गरेको छ। यसअगाडि हप्ता दिनका औसतमा थप गर्दै आएको लकडाउन यसपटक १२ दिन थप गरिएको छ। दक्षिण छिमेक भारत सरकारले वैशाख २१ गतेसम्म लकडाउन थप गर्ने निर्णय गरेको छ। भारतको लकडाउन मंगलबार सकिदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले देशबासीको नाममा सम्बोधन गर्दै लकडाउनको अवधि थप गर्ने निर्णय गरेका हुन्।

भारतीय प्रधानमन्त्रीले लकडाउनको अवधि थप गरेको केही घण्टाभित्रै नेपालमा पनि उत्तिकै समयाधिका लागि लकडाउन थप गरिएको छ। शुरुमा केही खुकुलो रहेको लकडाउन गएको साताबाट थप कडाई गरिएको छ। सरकारले सिमानाकाहरुमा अत्यावश्यक सामग्री बाँकी पृष्ठ २ मा




मंगलबार कोरोना संक्रमण पुष्टि भएका परिवार बस्दै आएको काठमाडौंको पेप्सिकोलास्थित सनसिटी अपार्टमेन्ट। संक्रमण पुष्टि भएसँगै अपार्टमेन्ट सिल्ड गरिएको छ।

## उपत्यकामा उच्च निगरानी

**काठमाडौं/मस–** काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-९ काँडाघारीमा रहेको सनसिटी अपार्टमेन्टमा बस्दै आएका परिवारमा कोरोना संक्रमण देखिए पछि राजधानी उपत्यकामा प्रहरी उच्च निगरानी अगाडि बढाएको छ। सरकारले लकडाउनको अवधि बढाएको छ भने राजधानीमा साँझ समयमा हुँदै आएको अत्यावश्यक सामग्री खरीदबिक्रीमा समेत कडाइ गरेको छ।

सनसिटी भएर अन्यत्र फैलिएको हुनसक्ने र फैलिन सक्ने अनुमानका साथ निगरानी उच्च बनाइएको प्रहरीले जनाएको छ। सनसिटी अपार्टमेन्टमा बस्दै आएका एक पुरुषलाई धुलिखेलस्थित उनकै घरमा प्रहरीले निगरानी गरिरहेको छ।

अपार्टमेन्टमा बस्दै आएका एकै परिवारका तीन जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडिटी) मा कोरोना भाइरस देखिएका कारण अस्पताल भर्ना गरिएपछि उनी सोमबार काभ्रेपलाञ्चोकको धुलिखेलस्थित घर पुगेका थिए।

धुलिखेल नपा-७ सरस्वती बजारमा ती पुरुषको निगरानी गर्न सोमबार साँझदेखि नै प्रहरी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाले बताए। कोरोना भाइरस देखिएका आमा, छोरा र बुहारी चैत ५ गते बेलायतबाट आएको प्रहरीले जनाएको छ। कोगेश्वरी मनोहरा नगरका अनुसार सोमबार मुलपानीस्थित नगर अस्पतालमा विदेशबाट आएका ३६ को परीक्षण गर्दा ती तीन जनाको 'रिपोर्ट पोजेटिभ' आएको थियो। उनीहरुलाई पाटन अस्पतालमा आइसोलेसनमा राखिएको छ। उक्त अपार्टमेन्टमा सोमबार नै 'सिल' बाँकी पृष्ठ २ मा

# सनसिटी बस्ने दुई जनामा संक्रमण

**चैत ५ गते बेलायतबाट फर्किएका एक परिवारमा कोरोना संक्रमण देखिएपछि अपार्टमेन्ट बस्दै आएका ५१० परिवार त्रसित बनेका छन्। सरकारले अपार्टमेन्ट सिल गरेको छ भने राजधानीमा निगरानी बढाइएको छ।**

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, २ वैशाख

कतार एयरवेजको विमानमा बेलायतबाट गएको चैत ५ गते काठमाडौं आएका एक परिवारमा कोरोना संक्रमण देखिएको छ। बेलायतबाट नेपाल आएको झण्डै एक महिना पछाडि परिवारका तीन मध्ये दुई जनामा कोरोनाको संक्रमण देखिएको हो। छिमेकले विदेशबाट आएका ती परिवारले कोरोना परीक्षण नगराएको जानकारी प्रहरीलाई दिएको थियो। तिनै सूचनाका आधारमा र्‍यापिड टेष्ट गराउँदा ती परिवारमा कोरोना पोजिटिभ देखियो। यसपछि पाटन अस्पतालमा ८१ वर्षीया आमा, ५८ वर्षीय छोरा र ५२ वर्षीया बुहारीलाई भर्ना गरिएको थियो।

यी मध्ये आमा र छोरालाई कोरोनाको संक्रमण देखिएको छ। टेकु अस्पतालमा गरिएको पीसीआर परीक्षणमा आमा र छोरामा कोरोना संक्रमण भएको पुष्टि भएको छ। यो परिवार अपार्टमेन्टको ६ मध्ये एउटा ब्लकमा बस्दै आएका थिए। ब्लकको १४औं तलामा बस्ने यो परिवारमा कोरोना देखिएपछि अपार्टमेन्ट सिल गरिएको छ। कसैलाई पनि बाहिर निस्कन र छतमा जान समेत दिइएको छैन।

संक्रमण देखिए सँगै पूरा अपार्टमेन्टमै त्रास फैलिएको छ। उनीहरुले त्यहाँ बस्ने सवैलाई कोरोना परीक्षण गराउन माग गरेका छन्। यसका पछाडि मुख्यतया एउटै लिफ्ट प्रयोग, संक्रमित परिवार भित्रबाहिर गर्ने गरेको, छतमा समेत जाने गरेको र गएको चैत ८ गते मात्रै त्यहाँ आन्तरिक निर्वाचन भएको कारण देखाइएको छ। यो परिवार पनि त्यहाँ भएको निर्वाचनमा भाग लिएको थियो।

सरकारले पनि यो अपार्टमेन्टलाई सिल गरेर रोकथामको प्रयास गरेको छ। अपार्टमेन्टमा ५१० परिवार बस्ने गरेका छन्। यो अपार्टमेन्टमा बस्ने परिवारमा देखिएको संक्रमित सँगै नेपालमा संक्रमित संख्या १६ पुगेको छ। शनिबार मात्रै वीरगञ्जमा तीन जना भारतीयमा कोरोनाको संक्रमण देखिएको थियो भने रौतहटमा सोमबार नयाँ एक बाँकी पृष्ठ २ मा

## भारतको लकडाउन २१ वैशाखसम्म



कोरोना रोकथामका लागि भारतमा जारी लकडाउनका क्रमणमा व्यवस्थापन गरिएको तरकारी बजार।

**नयाँ दिल्ली/एजेन्सी–** भारत सरकारले कोरोना भाइरस (कोभिड-१९) को सङ्कमण रोक्नका लागि हाल जारी रहेको बन्दाबन्दी (लकडाउन)लाई आगामी मे महिनाको ३ तारिख अर्थात् वैशाख २१ गतेसम्म लम्ब्याएको घोषणा गरेको छ।

प्रधानमन्त्री मोदीले मङ्गलबार टेलिभिजनबाट सम्बोधन गर्दै भने, "लकडाउनको अबको अवस्थामा अनुगमन कार्यलाई झनै कडा पारिनेछ। आगामी अप्रिल २० तारिखसम्म देशका विभिन्न राज्य तथा जिल्लामा लकडाउन के कसरी कार्यान्वयन भएको छ भन्ने बारेमा विशेष अनुगमन गरिनेछ।" यदि राज्य तथा जिल्लाहरुमा बाँकी पृष्ठ २ मा

# विभागले थाल्यो कामदारबारे अध्ययन

## संघले बनायो ६ समिति



**मध्यान्ह संवाददाता**
काठमाडौं, २ बैशाख

कोरोना भाइरस (कोभिड १९) को संक्रमणले रोजगार गन्तव्य मुलुकमा उद्योग व्यवसाय बन्द भएपछि रोजगारी गुमाउने नेपाली कामदारहरुको अवस्थाबारे नेपाली अधिकारीहरुले छलफल शुरु गरेका छन्।

खाडीमा नेपाली कामदारहरुको अवस्था गम्भीर बन्दै गएपछि वैदेशिक रोजगार विभागमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधिसहित परराष्ट्र, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, गृह मन्त्रालय तथा गैर आवासीय नेपाली संघका प्रतिनिधिसहित सरोकारवालाहरु सम्मिलित बैठक बस्यो।

विभागमा महानिर्देशक कुमार दाहालका अनुसार कोरोना भाइरसको संक्रमणका कारण रोजगारी गुमाउने नेपाली कामदारहरुको हालको अवस्था, ती देशमा जारी कर्फ्यू तथा लकडाउन एवं आवगमन प्रतिवन्धले खान बस्न लगायतको समस्या र उद्धारको सम्भावित तयारीबारे छलफल भएको बताए।

यूएई र कुवेतमा नेपाली कामदार बढी समस्यामा परेको रिपोर्ट आएको भन्दै महानिर्देशक दाहालले सोमबारको छलफल पछि सरोकारवालाको बैठक नियमित गर्ने विषयमा सहमति भएको बताए।

तीन दिनअघि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले कोरोना भाइरसका कारण ठूलो संख्यामा नेपाली कामदारहरुले रोजगारी पाइरहेको खाडी क्षेत्रबाट करिब ५० लाखले रोजगारी गुमाउन सक्ने प्रारम्भिक आँकलन गरेको थियो। बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## समझदारी तोडिने यूएईको चेतावनी

**काठमाडौं/मस–** यूएईले कामदार फिर्ता लैजान विभिन्न देशलाई गरिएको आग्रह स्वीकार नगरिए भविश्यमा ती देशबाट कामदार नलैजानेसम्मको गम्भीर चेतावनी दिएको छ। यूएईको ह्युमन रिसोर्स तथा ईमिरटाईजेसन मन्त्रालयले कामदार आपूर्ति गरिरहेका देशहरुको श्रम सम्वन्धमा अध्ययन भइरहेको भन्दै कोरोना भाइरस संक्रमणको अहिलेको अवस्थामा कामदार फिर्ता गर्न नमान्ने देशहरुसँग सोही अनुसारको व्यवहार गरिने बताएको छ। यूएईमा २८ लाख भारतीय कामदार रहेका छन्। ती मध्ये अधिकांश केरलाका रहेका छन्।

त्यस्तै, युएईमा ४ लाख बढी नेपाली रहेका छन्। तर ह्युमन रिसोर्स तथा ईमिरटाईजेसन मन्त्रालको भनाइ मुलतः भारतीय कामदारहरुको सन्दर्भमा आएको बताइएको छ। नेपाली कामदारहरुका हकमा पनि त्यो निर्णय लागू हुने कतिपयको भनाइ छ।

युएईले घर फर्किन चाहने कामदार फिर्ता नलगिए द्विपक्षीय श्रम सम्झौता निलम्बन गर्ने र भविश्यमा सम्वन्धित देशका लागि छुट्याएको कोटामा पनि नियन्त्रण गर्ने बताएको छ। केरलाका मुख्य मन्त्री पनिराई विजयनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र पठाएर यूएईमा अलपत्र आफ्ना नागरिकलाई फिर्ता गराउन कुटनितिक पहल गर्न बाँकी पृष्ठ २ मा

## 'आप्रवासी कामदारहरुलाई सहयोग गर'

**काठमाडौं/मस–** दक्षिण पूर्वी एशियाली सांसदहरुको एक समूहले आप्रवासी कामदार तथा शरणार्थीहरुलाई उदार भई सहयोग गर्न आह्वान गरेको छ। कोरोना भाइरसका कारण रोजगारी गुमाएका उनीहरु पर्नसक्ने जोखिममा ध्यान दिन उनीहरुले आग्रह समेत गरेका छन्।

एशियन संसदको मानव अधिकार समितिका सभापति रहेका मलेसियाका सांसद चार्ल्स सान्टियागोले भनेका छन्, 'आप्रवासी कामदारहरुको वासस्थान, कार्यस्थल तथा स्वास्थ्य सेवा केन्द्रहरुमा उनीहरुको सिमित पहुँचका कारण उनीहरु बाँकी पृष्ठ २ मा

कोरोना (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# २५ दिनदेखि भोकभोकै त्रिपालमा

काशीराम शर्मा/रासस
बाँके, २ बैशाख



भारतको हैदराबादका सैयत खासीमको परिवार विगत २५ दिनदेखि बाँकेको कोहलपुरमा त्रिपालमा बसिरहेको छ। विगत १० वर्षदेखि नेपालमा विभिन्न समयमा भाडा बनाउने काम गर्दै आएका उनको परिवार अहिले लकडाउनको मारमा परेको छ ।

खासीमको तीन जनाको परिवार छ। उनीसँगै आएका अब्दुल रहमानको परिवार पनि कोहलपुरमै बसिहेको छ । उनको परिवार पनि २५ दिन अघि दाङबाट आएको हो। उनीहरुसँगै सात जनाको परिवार विगत तीन सातादेखि त्रिपालको बास बसिरहेका छन् । उनीहरु नेपालको विभिन्न स्थानबाट आफ्नो देश भारत जनाका लागि चैत पहिलो साता कोहलपुर आएका थिए । तर कोरोना भाइरस संक्रमण हुन नदिन जारी गरिएको लकडाउनका कारण उनीहरु आफ्नो देश फर्कन पाएनन् । पच्चीसमध्ये १६ जनाले आफ्नो मुलुक फर्कन रेलको टिकटसमेत काटिसकेका थिए तर लकडाउनका कारण त्यो रद्द भयो ।

नेपालको सिमवर्ती भारतीय नाका रुपैडियाबाट हैदराबाद पुग्न रेलमार्गमार्फत पाँच दिन लाग्ने गर्छ । 'हामी आफ्नो देश जान आएका थियौं, लकडाउनका कारण यही रोकियो । अलि अलि कमाएको पैसा पनि सकियो, अहिले हामी गम्भीर पीडित भएका छौं,' अब्दुर रहमानले भने, 'भएको रुपैयाँ खाएरै सकियो, अब कसरी बाँच्नु ? यो चिन्ता रर पीडाले हामी ग्रस्त छौं ।' अझै लकडाउन लम्बिएको खण्डमा आफूहरुलाई निकै समस्या हुने उनले बताए ।

आफूजस्तै धेरै जनाको परिवार भोकभोकै बस्नु पर्ने अवस्था सिर्जना भएको उनको भनाइ छ। 'कोरोनाले न आफ्नो घर जान पाइयो, न यहाँको सरकारले हामीलाई सहयोग गरेको छ, अहिले हामी समस्या र पीडाले छटपटाइ रहेका छौं,' अर्का भारतीय नागरिक मोहम्मद अलिले भने, 'स–साना बालबालिकाहरुको भोकप्यास मेटाउन समस्या परेको छ।' राहतका लागि वडा पालिकामा नाम लेखाएको भए पनि एक साता हुँदासमेत राहत नपाएको उहाँको गुनासो छ । 'नजिकै बसेको दाईले वडाले राहत दिन्छ भनेर नाम लेखाउनुभयो, खै राहत अझै आएको छैन,' हुसेन अलिले भने, 'यहाँको सरकारले राहत दिन्छ भन्थे अझै दिएका छैनन् । कमाएको पैसा पनि सकियो । अहिले निकै समस्या भएको छ ।'

राहतका लागि आफूहरु दुई/दुई पटक वडा कार्यालयमा गए पनि नागरिकता मागेपछि राहत नपाएको उनको गुनासो छ। उनले भने, 'हामी त भाँडाकुडा बनाएर खाने मान्छे, सबै कागजात उतै छ, के गर्ने हामी त भोकभोकै त्रिपालको बास बसेको छु । लकडाउन छ, कसरी ल्याउने नागरिकता ? हामीलाई राहत उपलब्ध गराइदिए हुन्थ्यो ।' उनले आफू केही वर्षदेखि दाङमा भाडामा बस्दै आएको बताए ।

आफ्नो मुलुक भारततर्फ जान आएको बेला उहाँजस्तै २५ जनाको टोली यहीँ लकडाउनको मारमा परेको छ । 'अहिलेसम्म आफ्नो कमाईले गुजारा चलाएका थियौं, लकडाउन लम्बिँदै जाँदा पैसा सकियो । अहिले हातमुख जोर्न धौ-धौ परेको छ,' उनीहरुले दुखेसो पोखे। उनीहरुको बिचल्ली देखेपछि यहाँका केही व्यक्तिले खानेकुरा सहयोग गर्न थालेका छन् । उनीहरु सबै मुस्लिम समुदायका हुन् । यतिबेला उनीहरुको मुख्य पर्वको समय भए पनि त्रिपालमुनि भोकभोकै बस्नुपरेको उनीहरुको गुनासो छ ।

कोहलपुर नगरपालिका-११ का वडाध्यक्ष कर्णबहादुर थापाले राहत वितरणका लागि उनीहरुको पनि नामावली संकलन गरिएको र नगरपालिकाले दोस्रो चरणमा उनीहरुलाई राहत वितरण गर्ने बताए। उनले दोस्रो चरणमा राहत वितरणका लागि १५ सयभन्दा बढी नागरिकको नामावली संकलन गरिएको जानकारी दिए ।

# अग्रवाल थप ५ दिन हिरासतमै

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड १९) को महामारीको मौका छोपेर थर्मल गनमा कालोबजारी गरेको अभियोगमा पक्राउ परेका व्यापारी सुलभ अग्रवाललाई थप ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको छ ।

शंकर ग्रुप तथा जगदम्बा स्टिलका सञ्चालक रहेका अग्रवालमाथि थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंले मंगलबार ५ दिनको म्याद थप गरेको महानगरीय प्रहरी परिसर काठमाडौंका डिएसपी होबिन्द्र बोगटीले जानकारी दिए ।



यसअघि उनीविरुद्ध ७ दिनको म्याद थप भएको थियो। दोस्रो पटक ५ दिनको म्याद थप भएको हो। साढे २४ सयमा किनेको थर्मल गन १५ हजारमा बेच्न खोज्दा अग्रवाल पक्राउ परेका थिए ।

ज्वरो नाप्ने थर्मल गन (डिजिटल थर्मोमिटर) कालोबजारी गरेर बिक्री गरेको आरोपमा गत मंगलबार दिउँसो उनी पक्राउ परेका थिए । अग्रवालले चीनको गोन्जाउबाट २१ गते थर्मल गन ल्याएका थिए ।

अग्रवालको कम्पनीले चीनबाट सेटिङमा आफ्नोमात्रै सामान ल्याएको थियो । सेटिङमा आफ्नो कम्पनीको मात्रै मेडिकल उपकरण तथा औषधि ल्याउँदै सामान कालोबजारीमा बिक्री गरिरहेको पाइएको हो ।

# कोरियाले नेपाली कामदारलाई ५० दिन भिसा थप्ने

**काठमाडौं/रासस–** दक्षिण कोरिया सरकारले रोजगारीका लागि इपिएस प्रणालीमार्फत कोरिया आई रोजगारी गरिरहेका कामदारलाई ५० दिन भिसा थप्ने निर्णय गरेको छ । यहाँको श्रम मन्त्रलायका अनुसार अप्रिल १४ देखि लागू हुने गरी इपिएसमार्फत कोरिया आएर भिसा अवधि सकिनेका लागि कोरोना माहामारीको समस्याका कारण स्वदेश फर्कन नसकेका नेपालसहित अन्य १५ मुलुकका प्रवासी कामदारलाई ५० दिनको भिसा थप हुने भएको हो ।



इपिएस प्रणालीमार्फत कोरिया आएर रोजगारी गर्ने मजदुरले कोरियामा चार वर्ष १० महिना मात्र बस्न पाउने नियम छ। उक्त नियमअनुसार चार वर्ष १० महिना अवधि पूरा भएका कामदार स्वदेश फर्कनुपर्ने हुन्छ तर अवधि पूरा भएर पनि कोरोना माहामारीका कारण स्वदेश फर्कने तयारीमा रहेर फर्कन समस्यामा परेका झण्डै १८ हजार ५०० प्रवासी मजदुर (इ-९) लाई यो निर्णयले सहज बनाएको छ । यसअघि फेब्रुअरीमा पनि ५० दिन भिसा थप्ने निर्णय भएको थियो ।

# सामुहिक बलात्कार आरोपमा ४ पक्राउ

**कैलाली/मस–** कैलालीमा एक युवतीको सामुहिक बलात्कार गरेको आरोपमा ४ जना पक्राउ परेका छन्। आफन्तलाई भेटेर घर फर्किने क्रममा मंगलबार दिउँसो १२ बजे गौरीगंगा नगरपालिका १ खुरखुरिया नजिकै युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा गौरीगंगा नगरपालिका ४ का २० वर्षीय नरेश नेपाली, २१ वर्षीय अर्जुन साउँद, २० वर्षीय निर्मल चौधरी र २४ वर्षीय नरेश भट्ट रहेका छन् । प्रहरीका अनुसार युवतीसँग अन्य ३ जना आफन्त भए पनि उनीहरुलाई धारिलो हतियार देखाएर नियन्त्रणमा लिई युवतीमाथि जबजस्ती करणी गरिएको हो ।

युवतीसँगै रहेका आफन्तलाई कुटपिट समेत गरिएको प्रहरीले जनाएको छ । ईलाका प्रहरी कार्यालय मालाखेतीका प्रमुख प्रहरी नायव उपरीक्षक ज्ञान बहादुर बिष्टले घटनामा संलग्न चारै जनालाई पक्राउ गरेको बताए । प्रहरीले उनीहरुबाट धारिलो हतियार र मोटरसाइकल समेत बरामद गरेको छ ।

# प्रधानमन्त्रीलाई अनावश्यक जम्बो सचिवालय खारेज गर्न सुझाव



**काठमाडौं/मस–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)की नेतृ रामकुमारी झाँक्रीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफ्नो सचिवालय खारेज गर्न सुझाएकी छन्। कोरोना संक्रमणले मुलुकलाई गाँजेपछि संकट अवधिभर प्रधानमन्त्री ओलीले पारिश्रमिक वापतको रकम कोषमा दाखिला गर्ने घोषणा गरेका छन् ।

त्यतिले मात्रै मुलुकले राहत नपाउने भन्दै झाँक्रीले प्रधानमन्त्रीले ४८ जनासम्मको सचिवालय राख्ने र उनीहरूले सित्तैमा तलब खाँदै आएकाले त्योचाहिँ खारेज गर्न सुझाएकी छन् । 'हामी सांसदले एक महिनाको तलब दिने निर्णय गरीसक्यौं । अब प्रधानमन्त्रीले आफ्नो २-४ महिनाको तलब नलिएर राज्यलाई राहत हुँदैन । प्रधानमन्त्रीको निजी सचिवालयमा मन्त्रीसरहको सुविधा खाने कति छन् ? करिब ४८ जनासम्मले सित्तैमा तलब थाप्न पाउने व्यवस्था छ। त्यो पो खारेज गर्नपर्ने होला !,' उनले सामाजिक सञ्जालमा लेखेकी छन्।

# संक्रमित महिलाको सम्पर्कमा रहेका ५२ जना क्वारेन्टाइनमा



**कैलाली/मस–** कैलालीको लम्कीचुहा नगरपालिका-१ की एक महिलामा सोमबार कोरोना भाइरस संक्रमणको पुष्टि भएपछि ती महिलासँग सम्पर्कमा रहेका ५२ जनालाई क्वारेन्टाइनमा राखिएको छ।

संक्रमित महिलाका परिवार २१ र ती महिलासँग सम्पर्कमा रहेका लम्कीचुहा नगरपालिकाका विभिन्न वडाका ३१ गरी कूल ५२ जनालाई क्वारेन्टाइनमा राखिएको हो । संक्रमित महिला क्वारेन्टाइनबाट घर फर्किएपछि कोरोना पोजेटिभ भएको रिपोर्ट आएको थियो ।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतका अनुसार ५२ जनालाई लम्की बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा राखिएको छ । कोरोना पुष्टि भएकी ती महिलासँगै वीरगञ्जबाट २६ जना कैलाली आएको उनको भनाइ छ। संक्रमितको सम्पर्कमा रहेका अन्य व्यक्तिको पनि खोजी भइरहेको प्रहरीको भनाइ छ।

संक्रमित महिलासँग दाङ, सुर्खेत, अर्घाखाँची, दैलेखका गरी ८ जनाको पनि पहिचान भइसकेको र उनीहरुलाई सम्बन्धित जिल्लाको क्वारेन्टाइनमा राखिने प्रहरी नायब उपरीक्षक बस्नेतले बताए । वीरगञ्जबाट कैलाली पुगेका २६ मध्ये २१ जना संक्रमित महिलाको आफन्त रहेको उनले जानकारी दिए ।

कैलालीमा संक्रमित महिला भेटिएसँगै सुदूरपश्चिममा संक्रमितको संख्या ५ पुगेको छ । ती सबैको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ।

## १५ वैशाखसम्म...

बाहेकको आवागमन रोकेको छ भने एक स्थानीय तहबाट अर्कोमा जान समेत रोक लगाइएको छ ।

## सनसिटी...

संक्रमित भेटिएका थिए ।

विदेशबाट आउनेहरुमा संक्रमण देखिदै गएपछि सरकारले पनि र्‍यापिड टेष्ट मार्फत् मास परीक्षणको गति बढाएको छ । विभिन्न प्रदेश गरी पाँच हजार बढीको परीक्षण भइसकेको छ भने त्यस मध्ये १६ जनामा संक्रमण देखिएको छ । चीनबाट फर्किएका विद्यार्थीमा पहिलो संक्रमण देखिएको थियो । तर, ती विद्यार्थी निको भएर घर फर्किसकेका छन् ।

## उपत्यकामा....

गरिएको छ । पाँचवटा सनसिटी टावरमा करिव ५०० परिवारको क्षमता रहेको फ्ल्याट छन् ।

यसैबीच काभ्रेपलाञ्चोकमा आइतबारदेखि विदेशबाट फर्किएकाहरुको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडीटी) थालिएको छ । हालसम्म ९७ जनाको आरडिटी भएको जिल्ला स्वास्थ्य कार्यालयप्रमुख डा नरेन्द्र झाले बताए । उनका अनुसार, आरडिटी स्थानीय तहमै गरिएको हो ।

कोभिड-१९ सङ्क्रमणको उच्च जोखिम बढ्दै गएपछि विदेशबाट काभ्रेपलाञ्चोकमा घर फर्किएर एकान्तवास (होम क्वारेन्टाइन) मा राखिएका सबैको आरडिटी गर्न थालिएको हो । कार्यालयका अनुसार माघ महिनायता ४५१ जना विदेशबाट घर फर्किएको तथ्याङ्क प्राप्त भएको छ। यसमध्ये चैत महिनामा मात्रै २५१ जना विदेशबाट घर फर्किएको सम्पर्कमा ल्याइएको हो ।

झाले घर फर्केका सबैको प्रारम्भिक स्वास्थ्य परीक्षण गरी होम क्वारेन्टाइनमै बसाइएको र यसअघि उनीहरुको स्थानीय स्वास्थ्यकर्मीले निगरानी गरिरहेको बताए । उनका अनुसार हालसम्म पाँचखाल नपाका २७, बनेपा नपाका १७, पनौती नपाका १७, धुलिखेल नपाका १८ तथा महाभारत गाउँपालिकाका पाँच, चौँरी देउरालीका पाँच, बेथानचोकका चार र रोशी गाउँपालिकाका चार जनाको आरडिटी परीक्षण भएको र उनीहरुको 'रिपोर्ट नेगेटिभ' आएको छ । वाग्मती प्रदेशस्थित सामाजिक विकास मन्त्रालयले गत हप्ता आरडिटीका लागि काभ्रेपलाञ्चोकमा ३०० किट उपलब्ध गराएको थियो । काभ्रेपलाञ्चोकमा छ नपा र सात गाउँपालिका छन् ।

## भारतको...

लकडाउन राम्रोसँग कार्यान्वयन भएको देखिएमा ती क्षेत्रमा अप्रिल २० पछि अत्यावश्यक सेवा र वस्तुका लागि केही खुकुलो गरिने उनले बताए ।

प्रधानमन्त्री मोदीले गत शनिबार भारतका विभिन्न राज्यका मुख्यमन्त्रीहरुसँग भिडियो कल गरेर अहिलेको लकडाउनको अवस्थालाई के गर्ने भन्ने विषयमा परामर्श गरेका थिए । सबैको सुझावलाई ध्यानमा राखेर नै मे ३ सम्म लकडाउन कायम गरिएको मङ्गलबारको सम्बोधनमा उनको भनाई थियो । यो सबै नागरिकको जीवनको सुरक्षाका लागि गरिएकोले सबैलाई यस अवधिमा घरभित्रै बस्न र बाहिर ननिस्किन पनि उनले आग्रह गरे । सरकारले जारी राखेको यही लकडाउनकै कारण भारतमा अहिलेसम्म कोरोनाबाट हुने क्षतिलाई कम गर्न सकिएको उनले बताए ।

उनले भने, "हामीलाई थाहा छ कि तपाईंहरुलाई अप्ठ्यारो परेको छ, कसैलाई खाने त कसैलाई आउजाउ गर्न पनि समस्या छ । तर पनि तपाईहरु सबै देशवासीले यस्तो अप्ठेरो अवस्थामा पनि अनुशासित रुपमा सरकारको आदेश मान्नुभएको छ र एक जना सिपाहीले जस्तो गरी कर्तव्यको पालना गर्नुभएको छ ।" भारतमा हालसम्म कोरोना भाइरसका सङ्क्रमितहरुको संख्या ९ हजार भन्दा बढी पुगेको छ। मङ्गलबारको समाचारअनुसार यहाँ कोरोना भाइरसबाट ३३९ जनाको ज्यान गइसकेको छ ।

## विभागले...

आईएलओको आंकलन अनुसार खाडी क्षेत्रमा रोजगारी गुमाउने आप्रवासी कामदारहरु जीवन धान्न नसक्ने अवस्थामा पुगेको देखिन थालेको छ ।

**संघद्वारा विभिन्न समिति गठन**

कोरोना भाइरस (कोभिड १९) को संक्रमणले रोजगार गन्तव्य मुलुकमा उद्योग व्यवसाय बन्द भएपछि रोजगारी गुमाउने नेपाली कामदारहरुको अवस्थाबारे देशगत अध्ययन गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न समिति गठन गरेको छ ।

संघले प्रथम उपाध्यक्ष कमल तामाङको संयोजकत्वमा यूएईमा रहेका नेपाली कामदारहरुका बारेमा जानकारी लिन समिति गठन गरेको हो । उक्त समितिमा संघ कार्य समितिका सदस्य हर्क बहादुर लिम्बु, तुल्सी पुरी र केशबराज न्यौपाने रहेका छन् ।

त्यसैगरी द्वितीय उपाध्यक्ष कमलदेव मल्ललाई कतारका कामदारहरुको अवस्थाबारे जानकारी लिन संयोजक तोकिएको छ। मल्ल नेतृत्वका समितिमा कार्यसमिति सदस्यद्वय कर्ण कटुवाल र मोहन ढुंगेल सदस्य रहेका छन् ।

त्यसैगरी तृतीय उपाध्यक्ष किशोर केसीलाई कुवेतका कामदार हरुको अवस्थाबारे जानकारी लिन संयोजक तोकिएको छ । केसी नेतृत्वको समितिमा कार्यसमिति सदस्यद्वय अस्गर अलि र छवि भण्डारी सदस्य रहेका छन्। मंगलबार नेपाली दूतावासमा सम्पर्क गरेका संयोजक केसीले कुवेतमा संक्रमणको प्रकोप भएपनि नेपाली कामदारहरुको अवस्था गम्भीर नरहेको बताए ।

महासचिव सुजित कुमार श्रेष्ठलाई साउदी अरब र युरोपमा रहेका कामदारहरुको अवस्था बुझ्न संयोजक तोकिएको छ। महासचिव श्रेष्ठको समितिमा नरेन्द्रबहादुर राना मगर, लक्ष्मण पौडेल र दिनेश कुमार राय सदस्य रहेका छन् ।

त्यसैगरी सचिव मेघनाथ भुर्तेललाई मलेसियामा रहेका कामदारहरुको अवस्थाबारे जानकारी लिन संयोजक तोकिएको छ । सचिव भुर्तेल नेतृत्वका समितिमा कार्यसमिति सदस्यद्वय जंग बहादुर ईजम र सुरेन्द्र अर्याल सदस्य रहेका छन् ।

कोषाध्यक्ष ईन्दिरा गुरुङलाई ओमान र बहराइनमा रहेका कामदारहरुको अवस्थाबारे जानकारी लिन संयोजक तोकिएको छ । गुरुङ नेतृत्वको समितिमा कार्यसमिति सदस्य राधा खड्का सदस्य रहेकी छन् ।

संयोजकहरुलाई सम्वन्धित देशमा रहेका नेपाली दूतावास, कामदार र गैर आवासिय नेपाली संघ लगायतसँग सम्पर्क गरी कामदारहरुको अवस्थाबारे जानकारी दिने जिम्मेवारी दिइएको महासचिव श्रेष्ठले जानकारी दिए।

## समझदारी ...

माग गरेका छन् । उनले यूएईका क्वारेन्टाइनमा आप्रवासी कामदारका लागि उपयुक्त व्यवस्थाको अभाव रहेको बताएका छन् ।

यसैवीच चार्टड फ्लाईटका लागि आदेश माग गर्दै दायर गरेको रीटमा भारतीय सर्वोच्च अदालतले तत्काल सुनुवाई नगर्ने भएको छ । विश्वव्यापी रूपमा फसेका भारतीयहरुलाई फिर्ता ल्याउन सरकारले चार्टड फ्लाईटलगायतका उडानलाई नियमित गर्न आदेश माग गर्दै परेको रीटमा भारतीय सर्वोच्च अदालतले ती निवेदन चार हप्ता पछिमात्र सुनुवाई गर्ने आदेश दिएको छ ।

यूईईलगायत खाडी मुलुकमा ठूलो संख्यामा भारतीय घर फर्किन चाहिरहेको त्यहाँका स्थानिय सञ्चारमाध्यमहरुले जनाएका छन् । आइतबार यूएई भ्रमणमा गएका एक भारतीयको उडान प्रतिवन्धका कारण घर फर्किन नपाएपछि हृदयघात भई मृत्यु भएको छ ।

## आप्रवासी....

कोरोना भाइरसबाट संक्रमित भई गरिबीको खराव दुश्चक्र भित्र फस्नसक्ने अवस्था रहेको छ ।'

आप्रवासी कामदारहरुसँग गरिने व्यवहारमा एक देशले लिने नीति अर्को देशले समेत अनुशरण गर्ने भन्दै उनले लिइने निर्णयहरु कामदारमैत्री हुनुपर्नेमा जोड दिएका छन्। आफुहरुले थाईल्याण्डमा रहेका हजारौं बर्मेली कामदार अवस्था अध्ययन, सिंगापुरमा आप्रवासी कामदार रहेका होस्टलहरुको स्थिति र मलेसिया शरण खोजीरहेकाहरुको अध्ययन गर्दा संयुक्त राष्टसंघले तोकेको परिधि भित्र नरहेको बताएका छन् ।

हालसालै आपवासी कामदारहरूको घर फिर्ताका लागि केही दिनयता सार्वजनिक तस्वीरहरूले केवल एउटा देशले गरेका उपायहरूले अर्कोलाई कसरी गहिरो प्रभाव पार्छ भनेर मात्र प्रकाश पारेको भन्दै आप्रवासी कामदारमाथि मानवीय व्यवहार गर्न जोड दिइएको छ ।

उता लकडाउन उल्लंघन गरेको आरोपमा मलेसियाका सुरक्षाकर्मीहरुले म्यानमारका ६२ जना कामदारलाई पक्राउ गरेको छ । बुद्धिष्ट नयाँ वर्षको अवसरमा मलेसियाको थिनज्ञान नामको सडकपार्टी गरी रमाईलो गर्न सडकमा आएका उनीहरुलाई पक्राउ गरिएको मलेसियाको प्रहरीले जनाएको छ ।

पक्राउ परेका मध्ये केहीले लकडाउन उल्लंघन गरेको स्वीकार गरेको र केही संदिग्धहरुबाट बरामद भएको मोबाइलको आधारमा लोकेसन ट्रेस गरी क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थल र मलेसियन फुर्मला वान ट्रयाक नजीकैबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।


नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेडको**

**सूचना**

नेपालमा एलपी ग्यासको बिक्रीवितरणमा असहज परिस्थितिको सृजना भए पछि निगमले मिति २०७६।१२।१५ देखि १४.२ के.जी. एल.पि.ग्यासको सट्टा ७.१ के.जी.ग्यास भरी बिक्रीवितरण गर्ने व्यवस्थापन मिलाएकोमा मिति २०७६।१२।३० बाट बजारमा पुनः १४.२ के.जी ग्यास भरिएका सिलिण्डर विक्री वितरण गर्ने निर्णय भएकाले नयाँ सिलिण्डर खरिद नगरी आफूसंग भएको सिलिण्डर फिर्ता गरी ग्यासको मात्र मूल्य तिरी १४.२ के.जी. ग्यास भएको सिलिण्डर खरिद गर्नु हुन निगम आम उपभोक्ताहरूमा अनुरोध गर्दछ । साथै विषम परिस्थितिमा ७.१ के.जी. ग्यासको विक्री वितरणमा सहयोग गर्नुहुने व्यवसायी, विक्रेता, उपभोक्तावादी संघ संस्था एवं ७.१ के.जी. ग्यास खरिद गरी सहयोग गर्नुहुने आम उपभोक्ताहरूमा निगम धन्यवाद सहित आभार प्रकट गर्दछ ।

# पदक विजेता १७९ जनाको खातामा रकम पुग्यो

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २ वैशाख

दक्षिण एसियाली खेलकुद सागका पदकधारी खेलाडीहरुको पुरस्कार रकम पठाउन शुरु गरिएको छ। नयाँ वर्ष अगाडि नै पुरस्कार रकम सबै खेलाडी तथा खेल संघको खातामा पुगिसक्ने बताइए पनि अहिलेसम्म १७९ जनाको बैंक खातामा पुरस्कार रकम पुगेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ। मन्त्रालयका लेखा प्रमुख नबराज घिमिरेले अहिलेसम्म १७९ जनाको खातामा रकम पुगेको जानकारी दिए । १३ औं सागमा पदक विजेता खेलाडीका साथै प्रशिक्षक, सहायक प्रशिक्षक र खेलसंघ गरि ६२८ वटा बैंक खातामा रकम जम्मा गर्नु पर्ने छ। पहिलो चरणमा चार करोड ८२ लाख र दोस्रो चरणमा तीन करोड ६३ लाख रुपैयाँ खातामा गएको प्रमुख घिमिरले बताए ।

बाँकी खेलाडीको मंगलबार पठाउने भनिए पनि लेखा सिस्टम ह्याङ भएकाले संभव नभएको बताए । उनले अब बुधबार बाँकी खेलाडीको रकम खातामा हाल्ने प्रयास हुने जानकारी दिए ।



घिमिरेका अनुसार पहिलो लर्टमा ९२ जनाको खातामा रकम पठाइएको थियो भने दोस्रो चरणमा ८७ जना खेलाडीलाई रकम पठाएको हो ।

मन्त्रालयले खेलाडीको पुरस्कारका लागि २४ करोड ७४ लाख रुपैया निकाशाका लागि सिफारिस गरेको थियो मन्त्रालयले खेलाडी, प्रशिक्षक गरेर ६२८ जनाको खातामा रकम हाल्नुपर्ने हो । त्यसमा चार सय ९१ जना खेलाडीमात्र रहेका छन। खेलाडीको खातामा मात्र १८ करोड ३७ लाख रुपैयाँ हाल्नुपर्नेछ। जसमा दुई पटक गरेर आठ करोड ५५ लाख रुपैयाँ खातामा गएको छ ।

व्यक्तिगत स्पर्धाका स्वर्ण पदक विजेतालाई ९ लाख, रजत जित्नेलाई ६ लाख र कास्य जित्नेलाई ३ लाख रुपैयाँ दिने घोषणा गरेको थियो । एक भन्दा बढी स्वर्ण जित्ने खेलाडीलाई ११ लाखका दरले पुरस्कार रकम दिने सरकारको घोषणा गरेको थियो ।

प्रधानमन्त्रीले टिम ईभेन्ट्समा स्वर्ण जित्ने खेलाडीलाई ५ लाख दिने बताए पनि अन्य पुरस्कार रकमको घोषणा गरेका थिएनन् । तर संशोधित कार्यविधि अनुसार टिम ईभेन्ट्का स्वर्णधारी खेलाडीले ६ लाख पाउने भएका छन् । यस्तै, रजतले ४ र कास्य जित्नेले २ लाख रुपैया पाउने भएका छन् ।

कार्यविधि अनुसार सागका मुख्य प्रशिक्षक र सहयाक प्रशिक्षकको समेत पुरस्कार रकमको टुङ्गो लगाएको छ। स्वर्ण जिताउने मुख्य प्रशिक्षकलाई ५ लाख, रजतलाई ३ र कास्यलाई २ लाख रकम दिने सरकारले निर्णय गरेको थियो । यस्तै, सहायक प्रशिक्षकमा स्वर्ण विजेतालाई ३ लाख, रजतलाई २ लाख र कास्यलाई १ लाख दिने कार्यविधिमै उल्लेख छ ।

नेपालले १३ औं सागमा ५१ स्वर्ण, ६० रजत र ९५ कास्य पदक गरि कुल २०६ पदक जितेको थियो ।

# मुद्राकोषले ऋण भुक्तानीको समयावधि ६ महिना थप्यो




**न्यूयोर्क, एजेन्सी**–अन्तर्राष्ट्रिय मुद्राकोषले विश्वका अति निर्धन एवं जोखिममा रहेका नेपाल सहित विश्वका २५ वटा मुलुकको करिब ५० करोड अमेरिकी डलर बराबरको ऋण भुक्तानीको समयावधि छ महिना बढाएको छ। विश्वभर महामारीको रुप लिएको कोरोनाभाइरसका कारण उत्पन्न स्वास्थ्य एवं आर्थिक व्यवस्थापनका लागि संघर्षरत मुलुकहरुका लागि उक्त कदम चाल्नु परेको कोषले जनाएको छ ।

कोषकी कार्यकारी निर्देशक क्रिस्टिलिना जर्जिभाले जारी गरेको विज्ञप्तिमा यस्तो सुविधा प्राप्त गर्ने मुलुकहरुमा नेपाल सहित अफगानिस्तान, हैटी, सोलोमन आइल्यान्ड, ताजिकिस्तान र यमन तथा अफ्रिकाका १९ वटा मुलुक रहेको उल्लेख छ ।

उनले जारी गरिएको विज्ञप्तिमा, 'कोषको यस नयाँ व्यवस्थाबाट कमजोर आर्थिक स्थिति रहेका मुलुकहरुले आफूसँग रहेको रकम अत्यावश्यकीय मेकिडल तथा अन्य राहत कार्यहरुमा खर्च गर्न मद्दत पुग्नेछ।' भनिएको छ। मुद्राकोषको ऋण सहायता प्राप्त गर्ने १९ वटा अफ्रिकी मुलुकहरुमा बेनिन, बुर्किना फासो, मध्य अफ्रिकी गणतन्त्र, चाड, कोमोरोस, कंगो, गाम्बिया, गिनी, गिनी बिसाउ, लाइबेरिया, म्याडागास्कार, मलावी, माली, मोजाम्बिक, नाइजर, रुवान्डा, साओ टोमे, सियरा लियोन र टोगो रहेका छन् । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस समेतका १६५ जना अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरुको समूहले अत्यन्त जोखिममा रहेका राष्ट्रहरुले भुक्तानी गर्नुपर्ने ऋणको म्याद थप गर्न हालैमात्र आग्रह गरेका थिए । जुबिली युएसए नेटवर्कका कार्यकारी निर्देशक एरिक लीकोम्प्टेले अन्तर्राष्ट्रिय मुद्राकोषको कदमको स्वागत गर्दै गरिबीको चपेटामा रहेका मुलुकहरुका लागि अझै धेरै सहायता आवश्यक रहेकामा जोड दिए ।

# कोरोनाको कहरकाबीच अमेरिका आँधीको विपत्तिमा



**च्याट्सवर्थ, एजेन्सी**– कोरोनाभाइरसको महामारी जारी रहेकै अवस्थामा संयुक्तराज्य अमेरिकाको दक्षिणपूर्वमा आएको शक्तिशाली हावाहुरीका कारण ३० जनाभन्दा बढीको मृत्यु भएको छ। आँधीका कारण १० लाखभन्दा बढी मानिस घरबारविहीन हुनुका साथै ठाउँठाउँमा बाढी र पहिरो गएको स्थानीय उद्धारकर्मीहरुले बताएका छन् ।

अलाबामा राज्यमा आँधीपीडित मानिसहरु सामुदायिक आश्रयकेन्द्रमा भेला भएका र कोरानाभाइरस प्रसार रोक्न उनीहरुले मास्क लगाउनु परेको छ । आँधीबाट अलाबामा राज्यमा मात्र ११ जनाको मृत्यु भइसकेको छ ।

उता दक्षिणी क्यारोलिना राज्यमा नौ जनाको ज्यान गएको छ भने छिमेकी राज्य जर्जियामा आठ जनाको मृत्यु भएको छ । टेनिसी राज्यका अधिकारीहरुले राज्यमा कम्तीमा तीन जनाको मृत्यु भएको जनाएका छन्। अर्कान्सास र उत्तरी क्यारोलिना राज्यमा रुखहरु ढलेका वा घरहरु भत्किएका कारण केही व्यक्तिको मृत्यु भएको आशंका गरिएको छ ।

दक्षिणी क्षेत्रका राज्यहरुका कपितय ठाउँमा शक्तिशाली चक्रवात (टोर्नाडो) उत्पन्न भएको र यी चक्रवातहरु पूर्वी समुद्री किनारातर्फ बढ्न थालेको देखिएको मौसम विज्ञान विभागले जनाएको छ ।

मिसिसिपी राज्यका गभर्नर टेट रिभ्सले एक दशकको अवधिमा यति शक्तिशाली आँधी पहिलोपटक देखिएको बताए । उनले राज्यमा विगतमा पनि चक्रवातको अनुभव गरिएको तर यति शक्तिशाली आँधी पहिलोपटक आएको जानकारी दिए। जर्जियाका गभर्नर ब्रायन केम्पले कोरोनाभाइरसका कारण धेरै मानिस कामबिहीन भएको अवस्थामै आँधीले उनीहरुको सर्वस्व लुटेको बताए ।

यो आँधी आइतबारदेखि शुरु भएको हो । अलाबामा राज्यका गभर्नर के आइभीले कोरोना प्रसार रोक्ने उद्देश्यले लगाइएको 'सामाजिक दूरी' सम्बन्धी नियम पनि हटाइएको छ। राज्यका अस्थायी आश्रयस्थलहरुमा मानिसहरु मास्क लगाएर एकै ठाउँमा भेला भएर बस्न बाध्य भएका छन् ।

आँधी प्रभावित क्षेत्रहरुमा बाढी र पहिरो गएको छ भने टेक्सासदेखि मेनसम्मको क्षेत्रमा १३ लाख ग्राहकको विद्युत लाइन काटिएको छ । टेनिसी उपत्यकामा सप्ताहान्तमा वर्षा मापन गर्दा १५ सेन्टिमिटरसम्म वर्षा भएको पाइएको छ। टेनिसी र अलाबामाका ताल र नदीको सतह बढेको छ ।

# मे र जुनका फुटबल स्थगित




**काठमाडौं, एजेन्सी**– एसियाली फुटबल महासंघ एएफसीले मे र जुन महिनामा हुने भनिएका सबै फुटबल प्रतियोगिताहरु स्थगित गरेको छ । कोरोना भाइरसको सङ्क्रमणको क्रम नघटेपछि एएफसीले दोस्रो पटक आफ्ना प्रतियोगिताको मिति सारेको हो ।

एसियाका प्रायः सबै देशले एक देशबाट अर्कोमा जानका लागि प्रतिबन्ध गरेको अवस्थामा एएफसीले स्वास्थ्यको ख्याल राख्दै मे महिनामा हुने प्रतियोगिताहरु सारेको हो ।


एएफसीले कोरोनाको घटनाहरु नजिकबाट नियालिरहेको पनि जनाएको छ । यसअघि पनि मार्च र अप्रिल महिनामा हुने भनिएको सबै प्रतियोगिता एएफसीले सारेको थियो । जसका लागि एएफसीले दिल्ली, दोहा, दुबई र क्वालालम्पुरमा भिडियो कन्फ्रेन्समार्फत बैठक पनि गरेको थियो ।

जसका कारण नेपालमा हुने भनिएका चाइनिज ताइपेई र अष्ट्रेलिया बीचको खेल पनि स्थगित भएको थियो ।

अहिले स्थगित भएका प्रतियोगिताका लागि अर्को विकल्पका रुपमा नयाँ मिति तोक्ने एएफसीले बताएको छ। एएफसीका लागि ठूलो चुनौती २०२० को एएफसी च्याम्पियन्स लिग र एएफसी कपको समूह चरणका खेलहरु गर्नु रहेको छ ।

यसका साथै एएफसीले सबै फुटबल संघलाई पनि कठिन परिस्थितिमा संयमित भएर र नकारात्मक कदम नउठाउन आग्रह गरेको छ ।

# कर्फ्यू आदेश उल्लंघन गर्ने २६ हजार पक्राउ




**कोलम्बो, एजेन्सी**– कोरोना भाइरस सङ्क्रमणको प्रकोप विश्वव्यापी बनिरहेका समय नियन्त्रण तथा रोकथामका लागि मार्च २० पछि जारी गरेको निशेधाज्ञा (कर्फ्यू आदेश) उल्लङ्घन गर्ने २६ हजार व्यक्तिलाई देशभरबाट पक्राउ गरिएको श्रीलङ्काको प्रहरीले मङ्गलबार बताएको छ । प्रहरीले विगत २४ घण्टामा एक हजार ६०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरेको जनाइएको छ ।

सरकारद्वारा जारी निशेधाज्ञालाई उनीहरूले उल्लङ्घन गरेका प्रहरीको दावी छ । प्राप्त जानकारी अनुसार उनीहरूलाई निशेधाज्ञाको समयमा सडकमा अनावश्यक आवतजावत गर्ने, सार्वजनिक स्थानमा भेला हुने र रक्सी मद्यपान सेवन गर्ने, अत्यावश्यक काममा बाहेक रमाइलो वा घुमघामका लागि सडकमा सवारी साधन चलाउने, रेष्टुरेण्ट खुला राख्ने र सडकमा अभद्र तथा उद्दण्ड क्रियाकलाप गर्नेहरूलाई प्रहरीले पक्राउ गरेको अधिकारीले बताएका छन् ।

प्रहरीले उक्त अवधिमा छ हजार ७०० सवारी साधनलाई पनि नियन्त्रणमा लिएको बताइएको छ भने पक्राउ परेका सबै जनालाई आगामी दिनमा स्थानीय अदालतहरूमा पुर्पक्षका लागि पेश गरिने बताइएको छ ।

श्रीलङ्काले मार्च २० देखि जारी गरेको कर्फ्यू आदेश खाद्यान्न तथा अत्यावश्यक सामग्रीको पुनःसञ्चय गर्नका लागि गत हप्ता एक दिन केही घण्टाका लागि खुला गरेको थियो ।

श्रीलङ्कामा मङ्गलबारसम्ममा २१८ जनामा कोरोनाभाइरस सङ्क्रमणको पुष्टि भएको छ । यसमध्ये ५९ जना निको भएका छन्। अन्य १४२ जनाले सरकारद्वारा तोकिएको अस्पतालमा उपचार सेवा र निगरानीका लागि राखिएको छ। यहाँ हजारौँ विदेशबाट आएका वा विदेशबाट आएका व्यक्तिसँगको सम्पर्कमा आएका व्यक्तिलाई उनीहरूकै घर वा प्रशासनद्वारा स्थानीय स्तरमा निर्माण गरेका क्वारेन्टाइन केन्द्रमा राखिएको छ ।

# एनटीएबाट ८५ परिवारलाई राहत वितरण



**काठमाडौं, मस**– नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) ले कोरोना भाइरस (कोभिड १९) का कारण कठिनाइमा परेका दैनिक ज्यालादारी गरी गुजारा चलाउदै आएका मजदुर, अपाङ्ग, एकलमहिला, गरिब र विपन्न गरी ८५ परिवारलाई राहतवितरण गरेको छ । विभिन्न चरणमा गरी ८५ परिवारलाई राहतवितरण गरिएको तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक समेत रहेका एनटीएका अध्यक्ष अशोक खड्काले जनाएका छन् ।

खड्काले जनाए अनुसार कागेश्वरी मनोहरा नगरपालिकाका वडा १, २, ४, ५, ६,७ र ९, ललितपुर महानगरपालिकामा ४ परिवार तथा गोकर्णेश्वर नगरपालिकामा १ परिवारलाई राहत वितरण गरिएको हो ।

त्यस्तै एनटीएले कागेश्वरी मनोहरा नगरपालिक ावडा १ र २ का स्वास्थ्य चौकी, थली प्रहरी चौकी र कागेश्वरी मनोहरा नगर प्रहरीमा स्वास्थ्य सामाग्री पनि उपलब्ध गराएको थियो । खड्काले राहत वितरणका क्रममा विना मास्क र पञ्जामा भेटिएका सुरक्षाकर्मीलाई पनि मास्क र पञ्जा उपलब्ध गराएका थिए ।

सबै मिलाएर कुल २ लाख ७ हजार रुपैयाँको राहत वितरण गरिएको खड्काले जानकारी दिए । स्वदेशी तथा विदेशी शुभ चिन्तकको आर्थिक सहयोगमा राहत वितरण सम्भव भएको हो ।

सहयोगीहरुमा दिल गुरुङ (हङकङ), इश्वरमान वज्राचार्य, तिलक लामा, मन राई (युके), नन्दु विष्ट, श्रीकृष्ण खड्का, मधु सुधन (सार्प ट्राभल्स), रामप्रसाद पुडासैनी, रोशनी तामाङ, बल तामाङ, तारा राई, हर्क राई, मोहन विक, निराजन कुइकेल (अस्ट्रेलिया), सैलेन्द्र जोशी, कृष्णकुमार कार्की (मकाउ), उत्तम खड्का, चित्र शेरचन, गिरी बहादुर सुनार, केशव कुमार कार्की, मोहन डोटेल (चीन) र राम गिरी रहेका छन् । एनटीएको पनि आर्थिक सहयोग रहेको छ ।

# जो बाइडेन डेमोक्र्याट्रिकबाट उम्मेदवार हुने निश्चित

**वासिङ्टन, एजेन्सी**–अमेरिकी राष्ट्रपतिको आगामी नोभेम्बरमा हुने निर्वाचनमा डेमोक्याट्रिक पार्टीका तर्फबाट उम्मेदवारीको प्रतिस्पर्धामा रहेका सिनेटर बर्नी स्यान्डर्सले सोमबार जो बाइडेनको उम्मेदवारीलाई समर्थन गरेका छन् । उक्त समर्थन पश्चात् आगामी नोभेम्बरको राष्ट्रपति निर्वाचनमा रिपब्लीकन पार्टीका तर्फबाट वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्याट्रिक पार्टीका तर्फबाट जो बाइडेन उम्मेदवार हुने निश्चित भएको छ ।

स्यान्डर्सले आफ्ना समर्थकहरुलाई पनि आगामी चुनावमा रिपब्लीकन पार्टीका तर्फबाट उम्मेदवार हुनसक्ने राष्ट्रपति डोनाल्ड ट्रम्पलाई परास्त गर्न सम्पूर्ण रुपले तयार हुन पनि आग्रह गरे । बाइडेनसँग भर्चुअल कन्फरेन्स मार्फत संवाद गर्दै सिनेटर स्यान्डर्सले भन्नुभयो, 'म सबै अमेरिकी जनता, सबै डेमोक्र्याट्स, सबै स्वतन्त्र नागरिक, रिपब्लीकन पार्टीका सबै समर्थकहरुलाई म आगामी चुनावमा बाइडेनलाई समर्थन जनाउन आग्रह गर्दछु ।'

राष्ट्रपतिको चुनावी दौडमा रहेका स्यान्डर्सले उम्मेदवारी परित्याग गरेको घोषणा गरेको एक साता नबित्दै बाइडेनलाई समर्थन जनाएका हुन् । सबैलाई निःशुल्क स्वास्थ्य सेवा समेतका प्रगतिशील मुद्दाहरुलाई अगाडि सारेर चुनावी दौडमा रहेका स्यान्डर्स मुख्यतः पूर्व उपराष्ट्रपति जो बाइडेनसँग धेरै राज्यमा पराजित भएका थिए ।


रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति: २०७७।०१।०३

यस कार्यालयको मिति २०७६।१२।१० गतेको राजधानी दैनिकमा निम्न कार्यका लागि प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम् मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० को उपदफा ५ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल गरेको रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| Contract No: 13 /076/077 | Supply and Delivery of Sanitary Pad | सन्जिवनी मेडिसिन सप्लायर्स रामेछाप ८, रामेछाप | १०,२८,९७८।०० | |

प्रमखु प्रशासकीय अधिकृत



जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# नवनियुक्त गभर्नरलाई चेम्बरको १७ बुँदे सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ बैशाख



नेपाल चेम्बर अफ कमर्सले कोरोनाबाट देशको अर्थतन्त्रलाई जोगाउनका लागि १७ बुँदे सुझाव पेश गरेको छ। चेम्बरले सोमबार नवनियुक्त गभर्नर महाप्रसाद अधिकारीलाई भेट गरी देशको अर्थतन्त्र सुधारका लागि १७ बुँदे सुझाव पेश गरेको हो। मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको भन्दै अर्थतन्त्रमा कोरोना भाइरसको असरबारे अध्ययनका लागि निजी क्षेत्रसमेतको सहभागितामा उच्चस्तरीय अध्ययन कार्यदल गठन गर्न समेत चेम्बरले माग गरेको छ। साथै निजी क्षेत्रले मुलुकको समग्र विकासको लागि योगदान दिने हुँदा यस क्षेत्रलाई संरक्षण गर्न उदारतापूर्वक उद्योगी व्यवसायीहरुको मागलाई सम्बोधन गर्न समेत चेम्बरले माग गरेको छ।

चेम्बरले राष्ट्र बैंक समक्ष पेश गरेका १७ बुँदे सुझाव

१. अर्थतन्त्रमा कोरोना भाइरसको असरबारे अध्ययनका लागि निजी क्षेत्रसमेतको सहभागितामा उच्चस्तरीय अध्ययन कार्यदल गठन गरिनु पर्ने।

२. अर्थतन्त्रमा भएको क्षति आकलनपछि यसलाई पुरानै लयमा फर्काउनका लागि अधिकार सम्पन्न संयन्त्र निर्माण गरिनुपर्ने। जसमार्फत सरकारबाट प्राप्त सबै प्रकारका सुविधा एकद्वार प्रणाली मार्फत प्राप्त गर्न सकियोस्।

३. सबै प्रकारका व्यवसायीहरुले अहिलेको परिस्थितमा व्यापार व्यवसाय व्यवस्थापन गर्न अत्यन्त चुनौतिपूर्ण हुने भएकोले बैंक तथा वित्तीय संस्थाबाट बिभिन्न शिर्षकमा कर्जा स्वीकृत गरी ऋण लिइ लामो समयका लागि सोही बैंकबाट कर्जा दिने व्यवस्था तत्काल लागू गर्ने। साथै नेपाल राष्ट्र बैंकले पुनर्कर्जा सुविधा कोरोनाबाट प्रभावित क्षेत्रको अवस्थाका आधारमा सबै प्रकारका लघु, साना, मझौला तथा ठूला उद्योगहरु लगायत अन्य व्यवसायहरुलाइ समेत पाउनु पर्ने व्यवस्था गर्नु पर्ने र यस्तो खालको सुविधा सरकारी प्रकृया पूरा गरेको आधारमा दिइनु पर्ने र चालू ऋणको १० प्रतिशत थप गर्ने व्यवस्था गरिनु पर्ने।

४. हालको विषम परिस्थितिमा व्यावसायिक कार्य सञ्चालन गर्न व्यवसायीहरुलाई नगद मौज्दातको आवश्यक पर्ने भएकोले हाललाइ ऋणीको खाताबाट बैंकले स्वतः मौज्दात रकम कट्टी नगर्ने व्यवस्था गरिनु पर्ने।

५ बैंकको स्प्रेडदर ३ प्रतिशत कायम हुनु पर्ने।

६. नेपाल राष्ट्र बैंकले कर्जा निक्षेप अनुपात (सीसीडी रेसियो) खुकुलो बनाइ लगानीयोग्य पुँजी प्रवाह बढाउनुपर्ने। ७. चैत मसान्तसम्म ब्याज तिर्न नसकेका ऋणीहरुलाई असारसम्म जरिवाना बिना नै बुझाउन सक्ने व्यवस्था हुनुपर्ने र कोरोनाको असर लम्बिँदै गए समय थप्नु पर्ने।

८. सरकारको ढुकुटीमा रहेको र बर्सेनि खर्च हुन नसकेको ठूलो परिमाणको पुँजीलाई निजी क्षेत्र मार्फत आर्थिक विकास, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा लगानीका लागि नीतिगत व्यवस्था गर्नुपर्ने।

९. दातृ निकाय र विकास साझेदारको सहयोगलाई अबका केही वर्षसम्म आर्थिक विकासमा मात्र केन्द्रित हुनु पर्ने।

१०. ग्रामीण अर्थतन्त्रलाई क्रियाशील बनाउन कोरोनाका कारण वैदेशिक रोजगारी गुमाएका नेपाली नागरिकलाई स्वदेशमै सीप, श्रम र पुँजी खर्चिने नीति ल्याइनुपर्ने। गाउँगाउँमा सीपमूलक तालिमको व्यवस्था गर्ने र उद्यमशीलताको विकास गर्ने। उत्पादित वस्तुको बजारीकरणका लागि निजी क्षेत्र र स्थानीय सरकारबीच सहकार्यको नीतिगत व्यवस्था हुनुपर्ने।

११. औद्योगिक व्यावसायिक लागत घटाउन सरकारको कर नीति, विद्युत् महशुल, प्रदेश र स्थानीय सरकारका विभिन्न शीर्षकका कर लगायतमा पुनरावलोकन हुनुपर्ने।

१२. सबै प्रकारको व्यवसायको लागि बैंक तथा बित्तीय संस्था बाट लिएको कर्जाको व्याज कम्तीमा ४ प्रतिशत सरकारी अनुदान र २ प्रतिशत बैंकबाट सहुलियतको व्यवस्था हुनु पर्ने। १३.ब्याक टु ब्याक एलसीका लागि निर्यात विकास कोषको व्यवस्था गरी उल्लेख्य रकमको व्यवस्था हुनु पर्ने।

१४ टीआर, सर्ट टर्म लोनको साँवा र ब्याजलाई पुनर्संरचना गरी कम्तीमा ६ महिनाको अवधि थप गरिनु पर्ने।

१५.टर्म लोन र प्रोजेक्ट लोनजस्ता लामो समयका लागि लिइएको कर्जाको ब्याज र साँवा २ वर्ष अवधिको निमित्त पुनः कर्जाको रुपमा व्यवस्था गरिनु पर्ने।

१६.प्रतितपत्र तथा टि.टि. सुबिधाबाट आयात सामाग्रीको हालको परिस्थितिमा इ डकुमेन्ट स्वीकार गरी सक्कल पछी पेश गर्ने व्यवस्था गरिनु पर्ने।

१७. सर्वसाधारणले लिएको घर कर्जा तथा हायर पर्चेज ऋणको सांवा र व्याजको भुक्तानी गर्ने अवधि थप्नु पर्ने।

# राहत तथा आर्थिक प्रवर्द्धन प्याकेज अध्ययन समिति गठन

काठमाडौं/मस-गणेशमान सिंह अध्ययन प्रतिष्ठानले कोरोना भाइरस सङ्क्रमणको कारणले देशमा परेको आर्थिक प्रभावका सन्दर्भमा राहत र आर्थिक प्रवर्द्धनको प्याकेज घोषणा तथा वितरण प्रणालीका सम्बन्धमा सुझाव दिन एक अध्ययन समिति गठन गरेको छ।

प्रतिष्ठानका अध्यक्ष एवं पूर्व उद्योगमन्त्री नवीन्द्रराज जोशीको अध्यक्षतामा गठित समितिले कोरोनाको असर कुनकुन क्षेत्रमा कसरी पर्नेछ र कोरोना प्रभावको सन्दर्भमा आगामी आर्थिक नीति कस्तो हुनु पर्दछ भनेर विभिन्न अर्थशास्त्रीहरुको अध्ययन तथा विश्लेषणका आधारमा सरकारलाई सुझाव पेश गर्ने जनाएको छ।

समितिमा राष्ट्रिय योजना आयोग पूर्व उपाध्यक्षहरु पृथ्वीराज लिगल, डा जगदीशचन्द्र पोखरेल, प्रा डा गोविन्दराज पोखरेल, डा स्वर्णिम वाग्ले, एवं राष्ट्रिय योजना आयोग पूर्व सदस्यद्वय प्रा डा पुष्कर बज्राचार्य र डा अरविन्द मिश्र, त्रिभुवन विश्वविद्यालय प्रा डा विजया श्रेष्ठ, प्रतिष्ठानका सदस्य डा दधि अधिकारी, नेपाल ट्रेड यूनियन काँग्रेस वरिष्ठ उपाध्यक्ष महेन्द्र यादव र भक्तपुर बहुमुखी क्याम्पसका प्रा वसन्ती आचार्य सम्मिलित छन्। समितिले नेपालमा कोरोना सङ्क्रमणको कारणले सबैभन्दा बढी असर परेका भौगोलक क्षेत्र तथा पीडित जनसमुदायको पहिचान तथा आगामी आर्थिक कार्यदिशाका बारेमा पनि अध्ययन गरेर सुझाव पेश गर्ने छ। यसरी प्रस्तुत गरिएको सुझाव, समितिको निर्णयानुसार समितिका सदस्यहरुको उपस्थितिमा नेपाल सरकार तथा प्रमुख प्रतिपक्षी नेपाली काँग्रेससमक्ष पेश गरिने काँग्रेसका नेतासमेत रहनुभएका अध्यक्ष जोशीले जानकारी दिए। अध्ययन समितिले यही सोमबार १ गतेदेखि आफ्नो काम शुरु गरेर तीन हप्ताभित्र अध्ययन गर्नेछ। अध्ययनलाई प्रभावकारी बनाउन समितिलाई सहयोग, सल्लाह र सुझाव प्रदान गर्न सबैलाई अनुरोध गरिएको छ। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणको रोकथामका लागि नेपालमा लागु गरिएको लकडाउनका कारण मुलुकको आर्थिक र सामाजिकलगायत सबै क्षेत्रमा ठूलो प्रभाव परेको छ।

कोरोना सङ्क्रमणको कारणले देशमा परेको आर्थिक प्रभावका सन्दर्भमा सरकारले असर पार्ने आर्थिक र भौगोलिक क्षेत्रको पहिचान गर्नुपर्ने, प्रत्यक्ष र अप्रत्यक्ष असर पर्ने क्षेत्रलाई राहत प्याकेजको घोषण गर्नुपर्ने र त्यस्तो घोषणा व्यावहारिक, वैज्ञानिक, र तथ्यसङ्गत हुनुपर्ने तथा कोरोना सङ्क्रमण पछिको आर्थिक नीति र प्रवर्द्धन कस्तो हुनुपर्ने छ भन्ने बारेमा अहिलेदेखि नै गृहकार्य गनुपर्ने प्रतिष्ठानले जनाएको छ।

# कोरोना राहत कोषमा युनाइटेड क्लबको एक लाख

**काठमाडौं/मस**-पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा सहयोग आउने क्रम जारी छ। पोखरा अमरसिंहचोकको पोखरा युनाइटेड क्लबले आज रु एक लाख सहयोग गरेको छ। पोखरा युनाइटेड क्लबका अध्यक्ष लालकाजी गुरुङ, निवर्तमान अध्यक्ष सुकबहादुर गुरुङ र प्रथम उपाध्यक्ष राजु श्रेष्ठको टोलीले महानगरका प्रमुख मानबहादुर जिसीलाई रु एक लाखको चेक हस्तान्तरण गरे।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोगथामका गर्न सरकारले लगाएको लकडाउनले समाजका मजदुर एवं विपन्न वर्गलाई राहत प्रदान गर्ने लक्ष्यका साथ स्थापना गरिएको राहत कोषमा हालसम्म रु तीन करोड ७८ लाख ३५ हजार ३९१ सङ्कलन भइसकेको छ। महानगरपालिकाले रु दुई करोड राखेर राहत कोष स्थापना गरेको कोषमा महानगरका सम्पूर्ण कर्मचारीका तर्फबाट रु ४८ लाख ५० हजार, प्रदेश सरकारको रु एक करोड र विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको सहयोग रहेको महानगर प्रमुख मानबहादुर जिसीले जानकारी दिए।

# सेलपे सेवामा थप नयाँ सुबिधाहरु

**काठमाडौं/मस**-नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकमको सेलपे सेवाले ग्राहकहरुको माग अनुरुप नयाँ सुबिधाहरु थप गरेको छ। जस अन्तर्गत ग्राहकहरुले अब सजिलै सेलपे मोबाईल वा वेब एप्लीकेशन प्रयोग गरी सहज रुपमा सेलपेसँग आबद्ध भएका बिभिन्न बीमा कम्पनीको बीमा रकम भुक्तानी र स्याकार इन्भेस्ट्मेण्ट कम्पनीको ईएमआई भुक्तानी गर्नुका साथै ग्राहकले आफुले पठाएको रकम प्रापकले सिटी एक्स्प्रेस मनी ट्रान्स्फरको नेपालभरीका आफुलाई पायक पर्ने जुनसुकै रेमिटेन्स एजेण्टबाट प्राप्त गर्ने सक्ने छन्।

हाल विश्व भरी फैलिदै गरेको कोरोना भाईरस (कोविड १९) को संक्रमणबाट बच्नको लागि नेपाल सरकारबाट आम सर्वसाधारणलाई सामाजिक दुरी कायम गर्न र अत्यावश्यक कार्यका लागि बाहेक घरबाट बाहिर ननिस्कन निर्देशन जारी गरिएको हुँदा, सेलपेले यस अवस्थामा यी थप सेवा र सुबिधाले सेलपेका ग्राहकहरुलाई सामाजिक दुरी कायम गर्नको साथै आफ्नो आवश्यक रकम भुक्तानीका कामहरु गर्न पनि सहजता पुर्याउनेछ। सेलपेका ग्राहकहरुले यस थप सेवाहरुको फाईदा लिनको लागि आफ्नो सेलपे एप्पमा गई हालै नयाँ थपिएका आइकन ईएमआई र इन्सुरेन्समा क्लिक गरी आफ्नो आवश्यकता अनुसारको सेलपेसँग आबद्ध भएका कम्पनीको लोगो छनौट गरी सजिलै आफ्नो आवश्यकता अनुरुप रकम भुक्तानी गर्न सक्नेछन्।

यसका साथै देशभित्र कुनैपनी ठाउँमा सजिलै पैसा पठाउनका लागि ग्राहकहरुले रेमिट्यान्स आइकनमा क्लिक गरी आफ्नो इच्छा अनुरुप सिटी एक्स्प्रेस मनी ट्रान्स्फर एजेन्ट छनौट गरे पश्चात पठाउन चाहेको रकम सजिलै पठाउन सक्नेछन्। यसरी पैसा पठाईसकेपछि प्रेषकले आफ्नो सेलपे एपमा एउटा युनिक आईडी प्राप्त गर्नेछन् र त्यस युनिक आईडी प्रेषकले प्रापकलाई दिनु पर्नेछ र प्रापकले देशैभरी रहेका विभिन्न सिटी एक्स्प्रेस मनी ट्रान्स्फरका रेमिट्यान्स एजेन्ट मध्ये तोकिएको एजेन्टको कार्यालयमा गई उक्त युनिक आईडी देखाएर सरल रुपमा पैसा प्राप्त सक्नेछन्।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
कृष्ण पौडेल
प्रवन्ध निर्देशक
तथा
वर्ल्डवाइड ह्युमन रिसोर्स नेटवर्किङ प्रा.लि.
परिवार
बत्तिसपुतलि, काठमाडौं, फोन : ४४७०४५७

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
पी. बी. राई
प्रवन्ध निर्देशक
तथा
राज ओभरसिज प्रा.लि.
परिवार
मिनभवन, शान्तिनगर, काठमाडौं, फोनः ४१०६५५९, ४१०६७८८

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न घरमै सुरक्षित बसौं, लकडाउनको पूर्ण पालना गरौं, आफु नआत्तिऔं र अरुलाई पनि सान्त्वना दिऔं।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
रेशमराज लामिछाने
प्रबन्ध निर्देशक
तथा
फिस्टेल ओभरसिज प्रा. लि.
परिवार
टोखा-१०, सामाखुसी, काठमाडौं, फोनः ४३८६३८२

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं।
सरकारद्वारा लागु गरिएको लकडाउनको पूर्ण पालना गरौं।
नव वर्ष २०७७ सालको
Happy New Year 2077
सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
राज लामा
अध्यक्ष
तथा
राज ग्रुप अफ कम्पनी प्रा.लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन : ५९०३५५०, ५९०३६६०

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**